भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल
फोन नं.०६५-५७२४७०
इमेलःedubhimad@gmail.com

प.स.: ०८१/०८२ (शिक्षा)
च. नं. ९३६

मितिः २०८१।०८।१४

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवासम्वन्धी सूचना ।

श्री यो जो जससँग सम्बन्धित छ ।

तनहुँ जिल्ला भिमाद नगरपालिका अन्तर्गत श्री हिमालय माध्यमिक विद्यालय, भिमाद-८, तनहुँमा शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ७ को उपदफा १ बमोजिम रिक्त रहेको निम्न माध्यमिक तह तृतीय श्रेणी नेपाली विषयको स्थायी शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको पत्र संख्या ०८१/०८२, च.नं. ४६, मिति २०८१।०८।१४ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहको योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूची-१७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमतिसहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

२०८१।०८।१४
..........................
सन्दिप पौडेल
उपसचिव

**पुनश्चः**

१) तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना himalayahss@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिने छ ।

२) म्याद नाघी वा तोकिए, बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन्।

बोधार्थ :

श्री शिक्षा विकास तथा समन्वय इकाइ, तनहुँ।

श्री सूचना प्रविधि शाखा, भिमाद नगरपालिका, कार्यालयको वेबसाइटमा सार्वजनिक गरिदिनु हुन ।

श्री हिमालय माध्यमिक विद्यालय, भिमाद-८, तनहुँ, विद्यालयमा सूचना प्रकाशन गर्नु हुन ।

Contact No:-065-572436, Website:bhimadmun.gov.np, Email:-edubhimad@gmail.com